नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, गुल्मी

# गुणस्तरीय सुन्तलाजात फलफूल विरुवा उत्पादक तथा असल तरिकाबाट बगैंचा सुदृढीकरण गर्ने उद्यमीलाई पुरस्कृत गर्ने सम्बन्धी सूचना ।

## सूचना नं. २४

प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/११/२९

सूचनाको अन्तिम मितिः २०७८/१२/१३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, गुल्मीको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत माथि उल्लेखित कार्यक्रम सञ्चालनका लागि निम्नानुसारको मापदण्ड पुगेका कृषि फर्म / कृषकहरुबाट यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा निवेदन सहित प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावना फारम परियोजना कार्यान्वयन एकाई, गुल्मीको कार्यालय तथा परियोजनाको वेभसाईट www.piugulmi.pmamp.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा सबैको जानकारिका लागि अनुरोध छ।

तपशिल:

सुन्तलाजात फलफूल जोनमा आवद्ध भएका स्थानीय तहका वडाहरु :, धुर्कोट गा.पा.का वडा नं. १,२,३,५ र ६, मदाने गा.पा.का वडा नं. ४, ६ र ७, रेसुङ्गा न.पा.का वडा नं. ३,४,५,६ र ७, मुसिकोट नगरपालिका वडा नं ८ र ९, चन्द्रकोट गा. पा. वडा नं ५ र ६, कालिगण्डकी गा. पा. वडा नं २ र ३, छत्रकोट गा. पा. वडा नं ३ र ४, गुल्मीदरवार गा. पा. वडा नं २,३ र ४

प्रस्तावका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. परियोजना कार्यान्वयन इकाईबाट निर्धारित ढांचाको बगैंचा व्यवस्थापन सम्बन्धी प्रस्तावना फारम।
२. कृषक समूह/सहकारी/फर्म/कृषि उद्यम दर्ताको प्रमाण पत्रको प्रतिलिपी।
३. कृषि सहकारी/फर्म/कृषि उद्यमीको हकमा स्थायी लेखा नम्बरको प्रमाण पत्र ।
४. कृषक समूह/सहकारीको सम्बन्धित कार्यक्रमको लागि गरिएको सिफारिस।

पुनश्चः थप जानकारीका लागी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाईको फोन ९८५७०७७५५१ वा ०७९-५२०५५१ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

श्रीकृष्ण न्यौपाने
नि.वरिष्ठ कृषि अधिकृत